# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक

३ नं. प्रदेश, नेपाल

प.सं. :- ०७६/०७७

च.नं. :- ९५८

मिति :२०७६/०९/२१

श्री वडा कार्यालयहरु सबै,
चौतारा साँगाचोकगढी न.पा.
सिन्धुपाल्चोक

विषय :- निर्णय कार्यान्वयन सम्बन्धमा

प्रस्तुत विषयमा जिल्ला आयोजना कार्यान्वयन ईकाइ (अनुदान व्यवस्थापन तथा स्थानिय पूर्वाधार) सिन्धुपाल्चोकको प.स २०७६/०७७,च.नं.२७७ को मिति २०७६/०९/१३ को र ज्वागल ललितपुरको पत्र सं २०७६/०७७,च.नं.१३४ को मिति २०७६/०८/२३ पत्रानुसार यस नगरपालिका अर्न्तगतका यसै साथ संलग्न विवरण भएका व्यक्तिहरु लाभग्राही सुचिमा सुचिकृत भएको हुदा निजहरुको अनुदान प्रकृया अगाडि बढाउन हुन अनुरोध छ , साथै लाभग्रही सुचिको Reason मा Legal उल्लेखित लाभग्राहीहरुको सम्झौता गर्नु अघि पुनःजाँचबुझ (स्थलगत तथा प्रमाणकागजातको आधारमा) गरी सम्झौता गर्नुहुन । सो पत्रको छायाँ प्रति राखि पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

श्री सूचना प्रविधि शाखा !
उल्लेखित पत्र website मा upload गर्नु

बिदुर कुमार धिमाल
उपसचिव (नवौं तह)

नेपाल सरकार
राष्ट्रिय पूननिर्माण प्राधिकरण
केन्द्रीय आयोजना कार्यान्वयन इकाई

# जिल्ला आयोजना कार्यान्वयन इकाई

(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)
चौतारा, सिन्धुपाल्चोक

पत्र संख्या :- ०७६/०७७
चलानी नं. २६८

मिति :- २०७६/०९/१३

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
केन्द्रीय आयोजना कार्यान्वयन इकाई
जिल्ला आयोजना कार्यान्वयन इकाई
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)
सिन्धुपाल्चोक, चौतारा

**बिषयः- निर्णय कार्यान्वयन सम्बन्धमा ।**

**श्री चौतारा साँगाचोगढी न.पा, बाह्रबिसे न.पा., मेलम्ची न.पा., भोटेकोशी गा.पा, ईन्द्रावती गा.पा, जुगल गा.पा., हेलम्बु गा.पा.,लिसंखुपाखर गा.पा., वलेफी गा.पा.को कार्यालय, सिन्धुपाल्चोक ।**

प्रस्तुत् बिषयमा केन्दीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यबस्थापन तथा स्थानीय पुर्वाधार) ज्वागल, ललितपुरको प.स. ०७६/०७७, च.नं. १३४, मिति २०७६/०८/२३ को पत्रानुसार तहाँ पालिका अन्तरगतका यसै साथ संलग्न विवरण भएका ब्यतिहरु लाभग्राही सुचिमा सुचिकृत भएकोहुदा निजहरुको अनुदान प्रकृया अगाडी बढाउनुहुन अनुरोध छ । साथै लाभग्राही सुचिको Reason मा Legal उल्लेखि लाभग्राहीहरुको सम्झौता गर्नु अघि पुनःजाँचबुझ (स्थलगत तथा प्रमाणकागजातको) गरि सम्झौता गर्नुहुन अनुरोध छ ।

श्री पुनर्निर्माण शाखा
०७६।९।२७

.....................................
(लक्ष्मणकुमार सेठ)
**निमित्त जिल्ला आयोजना प्रमुख**

चौतारा साँगाचोकगढी नगरपालिका
चौतारा, सिन्धुपाल्चोक
११५८
२०७६।९।२७

फोन नं ०११-६२००९८, ६२०२६८
Email: nrasindhupalchok@gmail.com , gmalisindhupalchok@gmail.com

नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

(गुनासो व्यवस्थापन तथा समन्वय शाखा)

सिंहदरबार, काठमाडौं ।

प.सं. : ०७६/७७
च.नं. : १३४

फोन नं.०१-४२००६८८

मिति: २०७६।०८।२३

बिषयः निर्णय कार्यान्वयन गर्ने बारे ।

श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई,
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार),
ज्वागल, ललितपुर ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यकारी समितिको मिति २०७६/०८/१५ को १२३औं बैठकको निर्णय नं.१ को प्रतिलिपि र सो निर्णयको तालिका-१ (जस अन्तर्गत MIS बाट स्वीकृत लाभग्राही/गैरलाभग्राही सूचीको सफ्ट कपि समेत संलग्न छ) कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ । साथै लाभग्राही सूचीको Reason मा Legal उल्लेखित लाभग्राहीहरुको सम्बन्धित स्थानीय तहले सम्झौता गर्नु अघि पुनः जाँचबुझ (स्थलगत तथा प्रमाण कागजातको) गर्ने, गराउने व्यवस्था मिलाउनु हुन समेत अनुरोध छ ।

(नोट: लाभग्राहीसँग सम्झौता गर्दा कार्यकारी समितिको १०३औं बैठकको निर्णय नं.२(४) का निर्देशनहरु बमोजिम गर्नु गराउनु हुन ।)

(लालबहादुर बस्नेत)
शाखा अधिकृत

बोधार्थ:
श्री जिल्ला आयोजना कार्यान्वयन इकाई,
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार),
अर्घाखाँची/बाग्लुङ/भक्तपुर/भोजपुर/चितवन/धनकुटा/गोरखा/गुल्मी/कास्की/काठमाडौं/खोटाङ/ललितपुर/लमजुङ/म्याग्दी/नुवाकोट/ओखलढुंगा/पाल्पा/रसुवा/संखुवासभा/सिन्धुपाल्चोक/स्याङ्जा ।

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको १२३औं बैठकको निर्णयहरु

स्थान : राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतको कार्यकक्ष, सिंहदरवार ।

मिति : २०७६।०८।१५

समय : बिहान ९:०० बजे

निर्णय नं. १

छुट तथा पुनजाँच सर्वेक्षण, २०७५/७६ अन्तर्गत हाल तथ्यांकहरुको विश्लेषणबाट प्राप्त २१ जिल्लाका तालिका-१ मा उल्लेखित कुल ४३९९३ गुनासोकर्ताहरु मध्ये ४६४४ जना पुनर्निर्माण लाभग्राही, ४१० जना सम्भावित लाभग्राही, २६०९ जना प्रवलीकरण लाभग्राही, र ३५०७९ जना गुनासोकर्ताहरुलाई गैरलाभग्राही कायम गर्ने गरी मिति २०७६/०८/१५ को केन्द्रीय गुनासो सुनुवाई समितिको बैठकवाट भएको सिफारिशलाई स्वीकृत गर्ने । साथै, यसरी कायम भएका र हुने पुनर्निर्माण एवं प्रबलीकरण लाभग्राहीहरुसँग निजी आवास पुनर्निर्माण अनुदान सम्झौता गर्दा कार्यकारी समितिको मिति २०७५/०१/२६ को १०३औं बैठकको निर्णय नं.२ (४) बमोजिमका प्रावधानहरुको पालना गराउन सम्बन्धित निकायलाई निर्देशन दिने ।

निर्णय नं. २

प्रबलीकरण लाभग्राहीबाट पुनर्निर्माण लाभग्राहीमा परिवर्तन गर्ने संलग्न तालिका-२ बमोजिमका २ (दुई) जना प्रबलीकरण लाभग्राहीलाई पुनर्निर्माण लाभग्राहीमा परिवर्तन गर्ने ।

निर्णय नं. ३

रसुवा जिल्ला आमाछोदिङमो गा.पा. वडा नं ०२ को पाङलिङमा अवस्थित ५१ (एकाउन्न) घरपरिवारको निम्ति "पाङलिङ एकीकृत बस्ती विकास" को भौतिक पूर्वाधार विकासको लागि प्रस्तावित प्रारम्भिक योजना तर्जुमा प्रतिवेदन स्वीकृत गर्ने र एकीकृत वस्ती विकास सम्बन्धी निर्देशिकाको प्रावधान बमोजिम हुने गरी अधिकतम रु. २ करोड ४ लाखको बजेट व्यवस्थापन उपयुक्त शिर्षकबाट मिलाउने ।

निर्णय नं. ४

मकवानपुर जिल्ला मनहरी गा.पा वडा न.६ को जोगीतालमा अवस्थित १० (दश) घरपरिवारको निम्ति "जोगीताल सुनाचुरी एकीकृत बस्ती" को भौतिक पूर्वाधार विकासको लागि प्रस्तावित प्रारम्भिक योजना तर्जुमा प्रतिवेदन स्वीकृत गर्ने र एकीकृत वस्ती विकास सम्बन्धी निर्देशिकाको प्रावधान बमोजिम हुने गरी अधिकतम रु. ४० लाखको बजेट व्यवस्थापन उपयुक्त शिर्षकबाट मिलाउने ।

निर्णय नं. ५

मकवानपुर जिल्ला कैलाश गा.पा. वडा नं १० को न्याम्सेढुङ्गाको वमलटारमा अवस्थित १० (दश) घरपरिवारको निम्ति "वमलटार एकीकृत वस्ती" को भौतिक पूर्वाधार विकासको लागि प्रस्तावित प्रारम्भिक योजना तर्जुमा प्रतिवेदन स्वीकृत गर्ने र एकीकृत वस्ती विकास सम्बन्धी निर्देशिकाको प्रावधान बमोजिम हुने गरी अधिकतम रु. ४० लाखको बजेट व्यवस्थापन उपयुक्त शिर्षकबाट मिलाउने ।

सचिव

## तालिका-१

| सि.नं. | जिल्ला | पुनर्निर्माण लाभग्राही | सम्भावित लाभग्राही | जम्मा पुनर्निर्माण लाभग्राही (१+२) | प्रवलीकरण लाभग्राही | गैर लाभग्राही | पहिले नै लाभग्राही कायम भएको | पुनरावेदनमा गएको | पुनरावेदनमा जानुपर्ने | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अर्घाखाँची | १३७ | ३ | १४० | ५८ | ६८७ | ० | | | ८८५ |
| २ | बाग्लुङ | ३६ | | ३६ | ३५ | २४२ | ० | | | ३१३ |
| ३ | भक्तपुर | ५५ | १६ | ७१ | १२ | ८७ | ११ | | ४८ | २२९ |
| ४ | भोजपुर | ३८८ | | ३८८ | ३९७ | १२७१ | ० | | | २०५६ |
| ५ | चितवन | ३०५ | २ | ३०७ | २८९ | ६५९२ | २३ | | | ७२११ |
| ६ | धनकुटा | २०१ | २ | २०३ | ९० | ४६७ | १२ | | | ७७२ |
| ७ | गोरखा | ३५१ | ८ | ३५९ | ९८ | ३०७१ | ९४ | | २२१ | ३८४३ |
| ८ | गुल्मी | १५६ | | १५६ | १५३ | ७४६ | १ | | | १०५६ |
| ९ | कास्की | २९४ | १ | २९५ | ४३४ | २४८१ | १० | | | ३२२० |
| १० | काठमाडौं | २५८ | १३० | ३८८ | ९५ | ११२३ | १४६ | | ९ | १७६१ |
| ११ | खोटाङ | ५९ | | ५९ | ६६ | २६९ | ६ | | | ४०० |
| १२ | ललितपुर | २११ | ४२ | २५३ | १७० | १३४८ | ८५ | | ३३ | १८८९ |
| १३ | लमजुङ | ६ | १ | ७ | १ | ३६ | ० | | | ४४ |
| १४ | म्याग्दी | १०८ | १ | १०९ | ६३ | १५४ | १ | | | ३२७ |
| १५ | नुवाकोट | ४७० | ७ | ४७७ | २९ | २७७६ | ६४ | १ | ११८ | ३४६५ |
| १६ | ओखलढुंगा | ३५१ | ३ | ३५४ | ३३१ | २२६१ | २९ | | ९८ | ३०७३ |
| १७ | पाल्पा | २०२ | ६ | २०८ | १२३ | ९१३ | १६ | | | १२६० |
| १८ | रसुवा | १६१ | १ | १६२ | ३२ | ७५६ | ८ | | ५ | ९६३ |
| १९ | संखुवासभा | १५ | १ | १६ | ३ | ३७ | ० | | | ५६ |
| २० | सिन्धुपाल्चोक | ७११ | १८६ | ८९७ | ४४ | ८४२४ | ७६ | | १३५ | ९५७६ |
| २१ | स्याङ्जा | १६९ | | १६९ | ८६ | १३३८ | १ | | | १५९४ |
| | जम्मा | ४६४४ | ४१० | ५०५४ | २६०९ | ३५०७९ | ५८३ | १ | ६६७ | ४३९९३ |

सचिव